आज मिति २०८२ साल चैत्र ०३ गतेका दिन त्रिपुरासुन्दरी गाउँ कार्यपालिकाको आ.व. २०८२।०८३ को छैठौं बैठक गाउँपालिका अध्यक्ष श्री भक्तध्वज बोहराको अध्यक्षतामा तपशिलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयवस्तुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति:

| क्र.स | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री भक्त ध्वज बोहरा | |
| २ | उपाध्यक्ष | श्री गिता कुमारी नेपाल | |
| ३ | वडा अध्यक्ष | श्री सिताराम थापा | |
| ४ | वडा अध्यक्ष | श्री रमेश राउत | |
| ५ | वडा अध्यक्ष | श्री शिव कुमार कार्की | |
| ६ | वडा अध्यक्ष | श्री टेक बहादुर गुभाजु | |
| ७ | वडा अध्यक्ष | श्री यादप श्रेष्ठ | |
| ८ | वडा अध्यक्ष | श्री रमेश बोहरा | |
| ९ | कार्यपालिका सदस्य | श्री विकास पहरी | |
| १० | कार्यपालिका सदस्य | श्री किरण थामी | |
| ११ | कार्यपालिका सदस्य | श्री स्वस्थानी गुरुङ | |
| १२ | कार्यपालिका सदस्य | श्री ज्ञानी थामी | |
| १३ | कार्यपालिका सदस्य | श्री रमिता वि.क. | |
| १४ | कार्यपालिका सदस्य | श्री देवकी दमाई ( नेपाली ) | |
| १५ | प्र.प्र.अ. (सदस्य सचिव) | श्री सुनिल नेपाली | |

**प्रस्तावहरु:**

प्रस्ताव नं. १: अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं. २ : सडक बोर्डको लागि आयोजना सिफारिस सम्बन्धमा ।
प्रस्ताव नं. ३ : विद्युत सर्वेक्षण अनुमती सम्बन्धमा ।
प्रस्ताव नं. ४ : वडा कार्यालय अतिथी सत्कार खर्च निकासा सम्बन्धमा ।
प्रस्ताव नं. ५ : कृषि सामग्री वितरणका लागि कोटा निर्धारण सम्बन्धमा ।
प्रस्ताव नं. ६ : स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं. ७ : विविध ।

**निर्णयहरु:**

**निर्णय नं. १ :** गाउँ कार्यपालिकाको मिति २०८२।०९।२८ गतेको कार्यपालिकाको बैठकबाट भएका निर्णय कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो ।

**निर्णय नं. २:** यस गाउँपालिका अन्तर्गतका स्थानीय सडकहरुको मर्मत सम्भार तथा स्तरोन्नतीका लागि सडक बोर्ड नेपाल र गाउँपालिकाको संयुक्त साझेदारीमा कार्यान्वयन गर्ने सडक बोर्ड नियमावली, २०६० को नियम (९) बमोजिम यस गाउँपालिकाको तर्फबाट व्यहोर्नुपर्ने २०% समपुरक कोष १८ औं गाउँसभाबाट पूर्वाधार साझेदारी शिर्षकमा विनियोजित बजेटबाट साझेदारी स्रोत सुनिश्चित हुने गरी तपसिल बमोजिमका आयोजनाहरु कार्यान्वयनका लागि प्रस्ताव गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | कुल लागत | कै. |
|---|---|---|---|---|
| १ | लुङ्गुर्पा सडक स्तरोन्नती | त्रिपुरासुन्दरी गाउँपालिका-२ | १० लाख | |
| २ | सेलेले सडक स्तरोन्नती | त्रिपुरासुन्दरी गाउँपालिका-२ | २ लाख ५० हजार | |
| ३ | टुङ्सी सडक स्तरोन्नती | त्रिपुरासुन्दरी गाउँपालिका-५ | १० लाख | |
| ४ | कुराथली टुङ्सी सडक स्तरोन्नती | त्रिपुरासुन्दरी गाउँपालिका-४ | २ लाख ५० हजार | |

**निर्णय नं. ३:** यस गाउँपालिका अन्तर्गत सर्वेक्षणका लागि प्रस्तावित दावी खोला जलविद्युत आयोजना (९९८ कि.वा.) को सर्वेक्षण अनुमतिका लागि "त्रिपुरासुन्दरी गाउँपालिकाको स्थानीय ऊर्जा विकास सम्बन्धि निर्देशिका, २०७५" को दफा (३) र (४) बमोजिम मिति २०८२/१०/२१ मा पेश गरेको कागजात तथा यस गाउँपालिकाको प्राविधिक टोलीको प्रतिवेदनका आधारमा अनुमति पत्र प्रदान गर्न उक्त कम्पनी सारभूत रुपमा ग्राह्य पाइएकाले शुभलक्ष्मी इन्भेष्टमेन्ट प्रा.लि., लालदरबार, काठमाडौंलाई निर्देशिकाको दफा (५) बमोजिम प्रस्तावित दावी खोला जलविद्युत आयोजना (९९८ कि.वा.) आयोजनाको सर्वेक्षण अनुमति पत्र प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४:** यस गाउँपालिकाको १९ औं गाउँसभाबाट विनियोजित वडा कार्यालय अतिथी सत्कार शिर्षकमा विनियोजित रकमबाट २०८२ माघ महिनादेखि मासिक अधिकतम रु. १०,०००/- (अक्षरुपी दश हजार) को दरले वडा कार्यालयबाट पेश भएको कागजातका आधारमा अतिथी सत्कार बापतको रकम निकासा गर्ने निर्णय गरियो ।

त्रिपुरासुन्दरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पिस्कर, सिन्धुपाल्चोक बागमती प्रदेश